# पञ्चकन्या गाउँपालिकाको

## आर्थिक सहायता सम्वन्धी

## कार्यविधि - २०७५

कार्यपालिकाबाट स्वीकृत मिति:२०७५/०७/२९

**पञ्चकन्या गाउँपालिका**

# पञ्चकन्या गाँउपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

पञ्चकन्या गाँउपालिकामा छिटो, छरितो, मितब्ययी, पारदर्शीरुपमा आर्थिक सहायता प्रदान गर्न,गाँउपालिकाको कोषको सही सदुपयोग गरी गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी पञ्चकन्या गाँउकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१)यो कार्यविधिको नाम " पञ्चकन्या गाँउपालिकाको आर्थिक सहायता कार्यविधि, २०७५" रहेको छ ।

(२)यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "गाँउपालिका" भन्नाले पञ्चकन्या गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ग)"प्रमुख" भन्नाले गाँउपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमूख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका"भन्नाले गाँउ कार्यपालिका सम्झनु पर्छ ।

(च) "गाँउवासी"भन्नाले गाँउपालिकामा अस्थायी/स्थायी रुपले बसोबास गर्ने व्यक्ति, गाँउपालिकाको कर्मचारी, गाँउपालिकामा बेवारिसे रुपमा फेला परेका व्यक्तिलाई सम्झनु पर्छ ।(च) "आर्थिक सहायता"भन्नाले पञ्चकन्या गाँउपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्छ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३.मापदण्ड**ःगाँउपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहायबमोजिम हुनेछ ।

१) दुर्घटना : गाँउपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्दार एवं उपचार गराउनु पर्ने अवस्थामा रु ५ हजार देखि २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

२) दिर्घरोग तथा अन्य उपचार : गाँउवासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसिसगर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तथा गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा १० हजार देखी ५० हजार सम्म उपलव्ध गराउन सकिने छ ।

३) गरिव तथा असहायः यस गाँउपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको आर्थिक अबस्था कमजोर भई सामाजिक जीवनयापन सहज बनाउन सहायता आवश्यक भएको, आर्थिक अभावले शिक्षामा वाधा परेको, एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनिप्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु. ५ हजारदेखि २० हजार सम्म सहायता दिन सकिनेछ ।

४) प्राकृतिक विपत्ति तथा विपद्मा परेका घरबार विहिन व्यक्तिहरु: यस गाँउपालिका क्षेत्रमा प्राकृतिक विपत्ति तथा विपद्परि धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था हेरी एक पटकमा रु ५ हजार देखि २५ हजार सम्म ।

५)संघ संगठन :यस गाँउपालिकामा स्थापना भएका, दर्ता भएका,सूचीकृत भएका र गाँउपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाँउपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ । उक्त कार्यक्रमले गाँउको पर्यटन प्रवर्द्धन, गाँउको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ ।

५.१)वडा, गाँउ स्तरका कार्यक्रममाप्रकृति हेरी एक पटक रु. ५ हजार देखि २५हजारसम्म ।

५.२) जिल्ला स्तर वा सो भन्दा माथिका कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.५ हजार देखि रु.३० हजार सम्म।

## परिच्छेद:–३

## आर्थिक सहायता भूक्तानी प्रकृया

४.भुक्तानी प्रकृया :आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।१) मानवीय सहयता: दफा ३ को उपदफा (१) (२) (३) (४) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखी गाँउपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी,आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस ।ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत।

ग) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का समेत

।२) संघ/संगठनको हकमा आधिकारिक पत्र ।

३) उपदफा १ र २ बमोजिमका कागजात अध्ययन गरीदफा ३ को मापदण्ड अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट रु ३०००।-सम्म र सो भन्दा बढी गाँउप्रमुखको तोक आदेशमा गाँउपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

४) गाँउवासीलाई दफा ३ बमोजिमको मापदण्ड अनुसारको सहायता न्यून हुने र सो भन्दा बढी सहायता उपलब्ध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाण समेत गाँउ कार्यपालिकाको बैठकमा पेश गरी निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

५) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ ।

५. बचाउः यस कार्यविधि जारी गर्नु भन्दा पहिले गाँउपालिकाबाट भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

नरेश पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत